कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम कामकारोवार गर्ने

# महुली सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

## Mahuli Samudayik Laghubitta Bittiya Sanstha Limited (MSLBSL)

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत प्राप्त वित्तीय संस्था)
रजिष्टर्ड कार्यालय, बकधुवा-९, महेन्द्र राजमार्ग, महुली बजार
फोन नं.०३१-४११००५/६, फ्याक्स नं. ०३१-४११००८
इमेल :info@mslbsl.com.np, Website: www.mslbsl.com.np
को

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

चुक्ता पूँजी रु.६,००,००,०००/- को दुई शेयर बराबर एक शेयर (२ : १) को अनुपातमा रु.३,००,००,०००/- बराबर प्रति शेयर रु.१००/- अंकित दरका ३,००,००० कित्ता शेयर साविक शेयरधनीहरुको लागि हकप्रद साधारण शेयरको निष्काशन गर्नका लागि प्रकाशित ।

**दरखास्त साथ प्रति साधारण शेयर रु.१००/–का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

### निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण:

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा त्यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरणहरू" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरूपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

धितोपत्रको लगानीमा हुन सक्ने जोखिम बारे लगानीकर्ता स्वयंले विचार गर्नु पर्नेछ । कम्पनीले गर्ने भएको काममा नीहित सम्भाबित आर्थिक जोखिमहरु तथा धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरणको दफा (थ) मा उल्लेख गरिएको छ ।

### क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस विवरण पत्र मार्फत निष्काशन गरिने साधारण शेयरको सार्वजनिक निष्काशन गर्नका लागि केयर रेटिङ्गस् नेपालले मिति २०७५ असाढ २० गते **(July 4, 2018)** मा **"CARE-NP IPOGrade 4"** प्रमाणपत्र प्रदान गरेको छ । **" CARE-NP IPO Grade 4"** ले औषत भन्दा तल आधारहरु **(BelowAverage Fundamentals)** जनाउँछ । यस रेटिङ्गसको समयावधि मिति २०७५ पौष २० गते सम्म रहने छ । सो सम्बन्धी विवरण यस विवरण पत्रको दफा व मा उल्लेख गरिएको छ ।

| | |
|---|---|
| नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति | २०७५/०६/१४ |
| हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति | २०७५/०८/११ |
| हकप्रद शेयर निष्काशन बन्द हुने मिति | २०७५/०९/१६ (बैंकिङ्ग समय पश्चात) |

### धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक:

सन्राइज क्यापिटल लिमिटेड
**SUNRISE CAPITAL LTD.**
Subsidiary of SUNRISE BANK LIMITED

पो.ब.नं. १२०५५, कमलपोखरी, काठमाडौं ।
फोन नं. ०१-४४२८६६० फ्याक्स: ०१-४४२८६८८
Email: info@sunrisecapital.com.np
Web: www.sunrisecapital.com.np

**क) संगठित संस्थाको नाम :**

महुली सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड । (Mahuli Samudayik Laghubitta Bittiya Sanstha Limited)

**ख) संगठित संस्थाको रजिष्टर्ड कार्यालय :**

यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय सप्तरी जिल्ला, बकधुवा गाउँ विकास समिति, वडा नं.९, महेन्द्र राजमार्ग स्थित महुली बजारमा रहेको छ ।

**ग) कारोवार गर्ने मुख्य स्थान :**

यस वित्तीय संस्थाको कारोवार गर्ने मुख्य स्थान सप्तरी जिल्ला, महुली बजार वडा नं. ९, मा रहनेछ । यसको कार्यक्षेत्र सिरहा, उदयपुर, सुनसरी, खोटाङ्ग, भोजपुर, ओखलढुङ्गा, सिन्धुली, रामेछाप, धनकुटा, सर्लाही, महोत्तरी, सोलुखुम्बु, संखुवासभा र तेह्रथुम गरी १५ जिल्ला भित्र हुनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोबार गर्न सकिनेछ ।

**घ) कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :**

महुली सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६९ भाद्र १७ गते महुली सामुदायिक लघुवित्त वित्तीय संस्था लि.को स्थापना हुनुमा महुली सामुदायिक विकास केन्द्रको भुमिका रहेको छ । जुन गैर सरकारी संस्थाको रुपमा कार्यरत रहेको छ । महुली सामुदायिक विकास केन्द्रले नै संचालन गर्दै आएको लघुवित्त कार्यक्रमलाई नै महुली सामुदायिक लघुवित्त वित्तीय संस्था लि.मा हस्तातरण गरिएको हो । जुन नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार गैर सरकारी संस्थाले २०७२ असार मसान्त सम्ममा लघुवित्तलाई लघुवित्त विकास बैंक मार्फत संचालन गर्ने गरी संस्था दर्ता गराउनु पर्ने व्यवस्था अनुरुप महुली सामुदायिक विकास केन्द्र २०५७ साल देखि संचालन गर्दै आएको लघुवित्त कार्यक्रमलाई २०७० साल जेष्ठ ३० गते विकास केन्द्र अन्तरगत रहेको महुली शाखालाई महुली सामुदायिक लघुवित्त वित्तीय संस्था लि. पहिलो पटक हस्तान्तरण गरियो ।

यसरी महुली सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०७० जेठ २ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न इजाजत प्राप्त गरी २०७० जेठ ३० गते देखी कम्पनीले आफ्नो वित्तीय कारोबार संचालन गरिरहेको छ । तत्पश्चात २०७०/०७१ को श्रावण मसान्तमा महुली सामुदायिक विकास केन्द्रको बांकी रहेका २४ वटा शाखाहरु वित्तीय संस्थालाई हस्तातरण गरिएको हो ।

यस वित्तीय संस्थाको स्थापना हुनुमा महुली सामुदायिक विकास केन्द्रको मुख्य देन रहेको छ । महुली सामुदायिक विकास केन्द्रको स्थापना गर्नमा बकधुवा गा.वि.स.को वार्ड नं.६ बकधुवा गाउंका वासिन्दाहरुले सराहनिय भुमिका खेलेको छ, जुन गाउँका गरीब, पिछडिएको वर्गलाई समेटर संस्था स्पापना गरिएको थियो । त्यसरी नै महुली सामुदायिक लघुवित्त वित्तीय संस्था लि.को संस्थापक शेयरधनीहरुमा किसान वर्गको समेत सहभागिता रहेको छ ।

**उद्देश्य :**

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानुन तथा अन्य प्रचलित कानुनको अधिनमा रही वित्तीय कारोवार गर्ने यस वित्तीय संस्थाको मुख्या उद्देश्यहरु देहाय बमोजिम हुनेछः

क) वित्तीय संस्थाको निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने ।

ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक बैंकिङ्ग वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगीक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने ।

ग) उपलब्ध सीप, श्रम तथा पूंजीलाई उचित परिचालन गरी ग्रामिण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापना, संचालन, विकास विस्तार एवं प्रवर्द्धन गर्ने र सो कार्यका लागि आवश्यक वित्तीय साधन, प्राविधि उपलब्ध गराई गरिबी निवारणका लागी सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।

घ) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याउने र देशको अर्थतन्त्रलाई सवल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने, र

ङ) देशको समग्र वित्तिय प्रणली प्रती सर्वसाधारणको विश्वसनियता अभिबृद्धि गर्न सहयोग पुऱ्याउने ।

**ङ) शेयर पूँजी संरचना :**

**अधिकृत पूँजी :** कम्पनीको अधिकृत पूँजी रु.३०,००,००,०००/– (रु.तीस करोड ) रहेकोछ । सो पूँजीलाई प्रति शेयर रु. १००/– का दरले ३०,००,००० (तीस लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

**जारी पूँजी :** कम्पनीको स्थापनाकालको जारी पूँजी रु.९,००,००,०००/– (रु. नौ करोड ) रहेकोछ । सो पूँजीलाई प्रति शेयर रु.१००/– का दरले जम्मा ९,००,००० (नौ लाख) कित्ता साधारण शेयरहरुमा विभाजन गरिएको छ ।

**चुक्ता पूँजी :** कम्पनीको तत्काल चुक्ता पूँजी रु.६,००,००,०००/– (छ करोड) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु.१००/– दरले जम्मा ६,००,००० (छ लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरणपत्र मार्फत सर्वसाधारणमा शेयरको हकप्रद शेयर निष्काशन गरी बांडफांड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.९,००,००,०००/– (रु. नौ करोड) हुनेछ।

**च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूँजीको स्थिती :**

हकप्रद शेयर निष्काशन पूर्व रहेको वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना :

| समूह | शेयरधनी | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम रु. | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक शेयरधनीहरु | ४,२०,००० | ७०% | ४,२०,००,०००/– | १००% |
| (ख) | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरुलाई समेत) | १,८०,००० | ३०% | १,८०,००,०००/– | १००% |
| | **जम्मा** | **६,००,०००** | **१००%** | **६,००,००,०००/–** | **१००%** |
| **हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना :** | | | | | |
| **समूह** | **शेयरधनी** | **शेयर कित्ता** | **पूँजी संरचना** | **चुक्ता रकम रु.** | **भुक्तानी प्रतिशत** |
| (क) | संस्थापक शेयरधनीहरु | ६,३०,००० | ७०% | ६,३०,००,०००/– | १००% |
| (ख) | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरुलाई समेत) | २,७०,००० | ३०% | २,७०,००,०००/– | १००% |
| | **जम्मा** | **९,००,०००** | **१००%** | **९,००,००,०००/–** | **१००%** |

**छ) हालका शेयरधनीहरुको समुह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्याः**

क) संस्थापकहरुको नाम, ठेगाना र उनीहरुले लिएको शेयर संख्या :

| क्र.सं. | संस्थापक शेयरधनीहरुको नाम | ठेगाना | लिएको जम्मा शेयर कित्ता |
|---|---|---|---|
| १ | महुली सामुदायिक विकास केन्द्र | बकधुवा ६, सप्तरी | १५०००० |
| २ | श्याम कान्त चौधरी | बकधुवा ६, सप्तरी | १३४८५ |
| ३ | प्रभु नारायण चौधरी | बकधुवा ६, सप्तरी | १३४८५ |
| ४ | डा. ज्ञानेन्द्र मान सिंह कार्की | तोपगाछी-६, झापा हाल मोरङ्ग, विराटनगर-५ | २४००० |
| ५ | भानुभक्त निरौंला | बरडङ्गा ५, मोरङ्ग | ९०१५ |
| ६ | हरिश्चन्द्र सिन्हा | सिस्वा कटैया - ९, महोतरी | ६००० |
| ७ | विजुली प्रसाद चौधरी | जण्डौल २, हाल बकधुवा ९, महुली सप्तरी | ४५१५ |
| ८ | शैलेन्द्र नाथ सिंह राउत क्षेत्री | राजविराज ५, हाल बकधुवा ९ महुली, सप्तरी | ३०१५ |
| ९ | सिताराम साह | लहान ७, सिरहा | ३००० |
| १० | प्रकाश पोखरेल | त्रियूगा न.पा.९, देउरी उदयपुर | ५९८५ |
| ११ | लक्ष्मी प्रसाद चौधरी | जण्डौल २, सप्तरी | ३००० |
| १२ | सावित्री चौधरी | बकधुवा ६, सप्तरी | ३००० |
| १३ | जनक कुमारी चौधरी | बसबलपुर ९, हाल बकधुवा ६, सप्तरी | ३००० |
| १४ | रालगन मण्डर | बकधुवा ६, सप्तरी | १०४६२ |
| १५ | आशा कुमारी सिन्हा सिंह | सहर्सराम ५, महोतरी हाल चन्द्रलालपुर १, सिरहा | ३७५० |
| १६ | अक्षमीत लाल चौधरी थारु | बकधुवा ७, सप्तरी | ३००० |

| | | | |
|---|---|---|---|
| १७ | संजय साह | बकधुवा ७, सप्तरी | ६९३७ |
| १८ | ललित नारायण यादव | बदगामा २, सप्तरी | ३००० |
| १९ | आशा कुमारी चौधरी | बकधुवा ६, सप्तरी | ६४८० |
| २० | मिना कुमारी चौधरी | ओद्राहा ६, हाल बकधुवा ६, सप्तरी | १५०० |
| २१ | सतेन्द्र कुमार जोशी | तेरहौंता ९, हाल हरिहरपुर ९, सप्तरी | ३७५० |
| २२ | सुनिता कुमारी चौधरी | बकधुवा ६, सप्तरी हाल लहान ९, सिरहा | ३००० |
| २३ | श्री प्रसाद चौधरी | बनरझुला ५, सप्तरी | ३००० |
| २४ | हरि नारायण मण्डल | को. मधेपुरा ४, परसाही सप्तरी | ३८७० |
| २५ | चनरी वती थरुनी | तेरहौता ७, हाल बकधुवा ६, सप्तरी | १५०० |
| २६ | दुर्गानन्द चौधरी | बकधुवा ३, भिमार सप्तरी | ३४३५ |
| २७ | मनोज कुमार लेखी | बकधुवा ९, रतवाला, सप्तरी | ६४३५ |
| २८ | कविता कुमारी चौधरी | अर्नाहा ४, सप्तरी हाल डुम्राहा ३, सुनसरी | १५०० |
| २९ | केवा कुमारी चौधरी थारु | बकधुवा ३, भिमार सप्तरी हाल जण्डौल ७ घोघिदाहा, सप्तरी | ४१८५ |
| ३० | कर्म चन्द चौधरी | तेरहौंता २, सप्तरी | १५०० |
| ३१ | चन्द्रकला कुमारी चौधरी | ई.फूलवरिया ८, सप्तरी हाल बकधुवा ३, भिमार सप्तरी | ३४३५ |
| ३२ | श्याम सुन्दर चौधरी | बकधुवा ६, सप्तरी | ४७४० |
| ३३ | उमा चौधरी | फत्तेपुर २, हाल बकधुवा ६, सप्तरी | ३८७० |
| ३४ | मनोज कुमार गौंतम | विराटनगर ४, मोरङ्ग | १५०० |
| ३५ | श्याम कान्त चौधरी | बकधुवा ३, भिमार सप्तरी | ९००० |
| ३६ | सुरत लाल चौधरी | अर्नाहा ४, सप्तरी हाल मोहनपुर ५, सप्तरी | २२५० |
| ३७ | पन्ना लाल चौधरी | भंगहा ५, सप्तरी | १५०० |
| ३८ | रामाकन्त चौधरी | खोक्सर प्रवाह १, सप्तरी | १५०० |
| ३९ | सत्य नारायण चौधरी | गम्हरिया प्रवाह ९, सप्तरी | १५०० |
| ४० | नितु कुमारी चौधरी | बकधुवा ६, सप्तरी हाल ककडी ४ बारा | २२५० |
| ४१ | गणेशी प्रसाद चौधरी | बकधुवा ७, सप्तरी | ७५० |
| ४२ | गोविन्द प्रसाद मण्डर | बकधुवा ६, सप्तरी | ७५० |
| ४३ | दिलिप कुमारी मण्डर | रामपुर ६, हाल बकधुवा ६, सप्तरी | ७५० |
| ४४ | राजेश्वर प्रसाद साह सुडी | बरमझीया १, सप्तरी | १५०० |
| ४५ | रन्जना कुमारी चौधरी | जगतपुर ५, सप्तरी | ४५०० |
| ४६ | रमानन्द लेखी थारु | बकधुवा ९, रतवाला, सप्तरी | १५०० |
| ४७ | गिता कोईराला | सुन्दरपुर २, उदयपुर हाल बकधुवा ९ सप्तरी | ७५० |
| ४८ | रोशन कुमार मण्डर | बकधुवा ६, सप्तरी | २२५० |
| ४९ | रामानन्द चौधरी थारु | बकधुवा ३, भिमार | २२५० |
| ५० | विधानन्द चौधरी | बकधुवा ६, सप्तरी | २३७० |
| ५१ | श्रवण कुमार चौधरी | हरिहरपुर ९, सप्तरी | ७५० |
| ५२ | हरि प्रसाद कोईराला | विराटनगर ५, मोरङ्ग | ३००० |
| ५३ | रमेश चौधरी | बकधुवा ९, रतवाला, सप्तरी | ३००० |

| | | | |
|---|---|---|---|
| ५४ | अजिज खलिफा | बकधुवा ७, सप्तरी हाल बकधुवा ६, सप्तरी | ७५० |
| ५५ | गोसाई चौधरी | ठेलिया १, सप्तरी | ७५० |
| ५६ | एन आइ सि एशिया बैंक लि. | थापाथली, काठमान्डौ | ३०००० |
| ५७ | सिर्जना फाइनान्स लि. | विराटनगर, मोरंग | २४०३० |
| | **संस्थापक समुहको जम्मा शेयर** | | **४,२०,०००** |

संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाका संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना (प्राकृतिक व्यक्ति नखुले सम्म):

| **संस्थापक कम्पनी वा संस्था** | **कम्पनी वा संस्थाको विवरण** |
|---|---|
| महुली सामुदायिक विकास केन्द्र | महुली सामुदायिक विकास केन्द्र (एम.सी.डि.सी) एक गैर सरकारी संस्था हो। यो संस्था गैर सरकारी संस्था ऐन २०३४ अन्तरगत सप्तरी जिल्ला प्रशासन कार्यालयमा दुई वर्षको लामो संघर्ष पछि २०५१ साल जेष्ठ ३० गते विधिवत रुपमा महुली युवा क्लवको नामले दर्ता भएको हो। |
| **महुली सामुदायिक विकास केन्द्रका संचालकहरु** | |
| **संचालकहरुको नाम** | **पद** |
| १. राम लगन मंडर | अध्यक्ष |
| २. आशा कुमारी चौधरी | उपाध्यक्ष |
| ३. श्रवण कुमार चौधरी | महासचिब |
| ४. प्रभु नारायण चौधरी | कार्यकारी सचिव |
| ५. अक्ष्मीत लाल चौधरी | सदस्य |
| ६. मिना कुमारी चौधरी | सदस्य |
| ७. दुर्गानन्द चौधरी | सदस्य |
| **संस्थापक कम्पनी वा संस्था** | **कम्पनी वा संस्थाको विवरण** |
| एन.आई.सी.एशिया बैंक लि. | एन आई सी एशिया बैंक लि. कम्पनी ऐन २०६३ अन्तर्गत दर्ता भएको कम्पनी हो। यस बैंकको प्रमुख क्रियाकलापहरु नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र पाए अनुरुप सम्पूर्ण वाणिज्य बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ। |
| **एन.आई.सी.एशिया बैंक लि.का संचालकहरु** | |
| **संचालकहरुको नाम** | **पद** |
| तुलसी राम अग्रवाल | अध्यक्ष |
| जगदीश प्रसाद अग्रवाल | संचालक |
| रामचन्द्र संघई | संचालक |
| राजेश प्रसाद अर्याय | संचालक |
| विनोद कुमार प्याकुरेल | संचालक |
| गणेशमान श्रेष्ठ | संचालक |
| त्रिलोक चन्द्र अग्रवाल | संचालक |

| **सिर्जना फाईनान्स लि.का संचालकहरु** | | |
|---|---|---|
| **संचालकहरुको नाम** | **ठेगाना** | **पद** |
| १. सुयश प्याकुरेल | विराटनगर–१५ | अध्यक्ष |
| २. सुवाश आचार्य | विराटनगर–६ | संचालक |
| ३. मुकेश कुमार राठी | विराटनगर–३ | संचालक |
| ४. राजिव कुमार मिश्र | राजविराज–९ | संचालक |
| ५. प्रमोद कुमार झा | विराटनगर–१३ | संचालक |

| संस्थापक कम्पनी वा संस्था | ठेगाना | कम्पनी वा संस्थाको विवरण |
|---|---|---|
| सिर्जना फाईनान्स लि. | विराटनगर महानगरपालिका वडा नं.८ | सिर्जना फाईनान्स लि. कम्पनी ऐन २०५३ बमोजिम मिति २०५५/०२/२५ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । वित्तीय संस्थाले नेपाल नेपाल राष्ट्र बैंकबाट मिति २०५६/०८/०९ मा वित्तीय कायोरबार गर्ने इजाजत पत्र प्राप्त गरी मिति २०५६/०८/२७ देखि आफ्नो वित्तीय कारोबार संचालन गरिरहेको छ। |

**अ) प्रमुख वित्तीय अनुपात सम्बन्धी विवरणः**

| प्रति शेयर आम्दानी | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| १४.२४ | २४.२३ | १३३.०७ | १७४२.६८ | २०.३५ |

**आ) संचालकहरुको विवरणः**

| क्र.सं. | सञ्चालकको नाम | पद | ठेगाना | धारण गरेको शेयर |
|---|---|---|---|---|
| १. | तुलसीराम अग्रवाल | अध्यक्ष | ९,८५, मेनरोड विराटनगर | ३८,९३,३८१ |
| २. | जगदीश प्रसाद अग्रवाल | संचालक | ९, ८५, मेनरोड विराटनगर | २०,३३,६१७ |
| ३. | राम चन्द्र संघाई | संचालक | काठमान्डौं | ३५,४३,८२२ |
| ४. | त्रिलोकचन्द अग्रवाल | संचालक | सर्वसाधारण समुह प्रतिनिधी श्री एशियन डिस्ट्रीव्युटर्स प्रा.लि. | ७६,७१,२०२ |
| ५. | राजेन्द्र प्रसाद अर्याल | संचालक | का.म.न.पा. २ लाजिम्पाट | ७८,७५६ |
| ६. | विनोद कुमार प्याकुरेल | संचालक | काठमाडौं | ४२७ |
| ७. | गणेशमान श्रेष्ठ | संचालक | काठमाडौं | २५७ |

| संस्थापक कम्पनी वा संस्था | ठेगाना | कम्पनी वा संस्थाको विवरण |
|---|---|---|
| सिर्जना फाइनान्स लि. | विराटनगर | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ |

**अ) प्रमुख वित्तीय सूचक सम्बन्धी विवरणः**

| प्रति शेयर आम्दानी | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पतीको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| १७.७२ | १८.९६ | १२८.४८ | १२०७.९० | १४.४५ |

**आ) संचालक समिती सम्बन्धी विवरणः**

| क्र.सं. | सञ्चालकको नाम | पद | ठेगाना | धारण गरेको शेयर |
|---|---|---|---|---|
| १. | सुयश प्याकुरेल | अध्यक्ष | विराटनगर १५ | १,८७,२०० |
| २. | सुवास आचार्य | संचालक | विराटनगर ६ | ७८,३०० |
| ३. | लीला कुमार ढुंगेल | संचालक | विराटनगर १३ | ५४,००० |
| ४. | मुकेश कुमार राठी | संचालक | विराटनगर ३ | १८,००० |
| ५. | गोविन्द राम कावरा | संचालक | राजविराज १ | २२,०७६ |
| ६. | नन्द किशोर राठी | संचालक | विराटनगर | २०३ |
| ७. | डा. प्रमोद कुमार झा | व्या.संचालक | विराटनगर १९ | ० |

**ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या र त्यसको अनुपात :**

कम्पनीको हाल कायम चुक्ता पूँजी कुल साधारण शेयर संख्या ६,००,००० कित्ताको दुई शेयर बराबर एक शेयर (२ : १) को अनुपातमा प्रति शेयर रु.१००/– का दरले जम्मा ३,००,००० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

**झ) हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मितिः**

कम्पनीको पाँचौ वार्षिक साधारण सभाबाट कम्पनीको बोनस शेयर वितरण पश्चात कायम हुन आउने पूँजीमा दुई कित्ता बराबर एक (२ : १) को अनुपातमा हकप्रद शेयर जारी गर्ने विशेष प्रस्ताव सर्वसम्मतीबाट स्वीकृत गरियो ।

हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभा सम्पन्न भएको मिति : २०७४/०८/०९

ञ) सञ्चालकहरुको परिचय :

| सि.नं | नाम | पद | ठेगाना | शैक्षिक योग्यता | प्रस्तावित व्यापार/व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|
| १. | श्री प्रभु नारायण चौधरी (समूह क) | अध्यक्ष | गा.वि.स. बकधुवा ६, सप्तरी | आइ.एस. सि. | १. २०५१ सालमा महुली सामुदायिक विकास केन्द्रको संस्थापक सदस्य रहि निरन्तर सामाजिक सेवाक्षेत्रमा कार्यरत रहेको ।<br>२. २०५७ साल देखि २०६९ सम्म लघुवित्त प्रमुखको रुपमा महुली सामुदायिक विकास केन्द्रमा कार्यरत ।<br>३. २०७१ देखि हाल सम्म महुली सामुदायिक विकास केन्द्रको कार्यकारी सचिवको रुपमा सामाजिक सेवामा कार्यरत ।<br>४. महुली सामुदायिक लघुवित्त वित्तीय संस्थाको संस्थापक अध्यक्ष ।<br>५. २०६९ देखि ०७४ सम्म प्रथम कार्यकालको लागि यस वित्तीय संस्थाको अध्यक्ष रहि कार्य गरेको ।<br>६. २०७४ देखि दोश्रो कार्यकालको लागि हाल सम्म यस संस्थाको अध्यक्ष पदमा वहाल रहेको । |
| २. | श्री भानुभक्त निरौला (समूह क) | संचालक | विराटनगर ११, मोरङ्ग | एल.एल.एम. | १. २०४९ साल देखि त्रि.वि.वि.मा सह प्राध्यापक सेवा प्रवेश गरि हाल उप-प्राध्यापक पदमा कार्यरत रहेको ।<br>२. २०५० साल देखि स्वतन्त्र अधिवक्ता पेशामा संलग्न रहेको ।<br>३. २०५४ साल देखि महुली सामुदायिक विकास केन्द्रको सदस्यको रुपमा समाजिक सेवा क्षेत्रमा संलग्न रहेको ।<br>४.२०६९ देखि पहिलो कार्यकालको लागी सञ्चालक सदस्य पदमा रहि कार्य गरेको ।<br>५. २०७४ देखि दोश्रो कार्यकालको लागि महुली सामुदायिक लघुवित्त वित्तिय संस्था लि.को सञ्चालक पदमा वहाल रहेको । |
| ३. | श्री रोशन कुमार मण्डर (समूह क) | संचालक | गा.वि.स. बकधुवा ६, सप्तरी (कृष्णा सब्रण गा.पा. वडा नं ५) | एम.ए. वि.एल. | १. २०५० साल देखि स्वतन्त्र अधिवक्ताको रुपमा सेवरत रहि सामाजिक सेवा क्षेत्रमा अभियानकर्ताको रुपमा कार्य गरिरहेको ।<br>२. २०६९ देखि २०७४ सम्म सञ्चालक सदस्य रही प्रथम कार्यकाल पुरा गरेको । यस कार्यकालमा संस्थाको आ.ले.प.समिति संयोजकको रुपमा कार्य गरेको ।<br>३. २०७४ देखि दोश्रो कार्यकालको लागि महुली सामुदायिक लघुवित्त वित्तिय संस्था लि.को सञ्चालक पदमा वहाल रहेको ।<br>४. २०७४ मंसिर १८ गते देखि प्रबन्ध संचालक पदमा वहाल रहेको । |
| ४. | श्री श्रीप्रसाद चौधरी (समूह क) | संचालक | वनरजुला ५,सप्तरी | आइ.कम | १. खरिद बिक्रि व्यवापार व्यवसाय ।<br>२. विगत ४ वर्ष यस वित्तिय संस्थाको लेखा समिति सदस्य पदमा रही कार्य गरेको ।<br>३. हाल २०७४ देखि प्रथम कार्यकालको लागि यस वित्तीय संस्थाका संचालक सदस्य पदमा वहाल रहेको । |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | श्री केशव प्रसाद भण्डारी (व्यवसायिक विशेषज्ञ) | संचालक | सुनापती ५, रामेछाप | वि.वि.एस | १. २०७४ साल कार्तिक २२ गते स्वतन्त्र संचालकमा नियुक्त भएको ।<br>२. November, 2014-July 2017 सम्म सेवा बिकास बैंक लि. (हाल कामना सेवा विकास बैंक) मा संचालकको रुपमा कार्यरत ।<br>३. लेखा तथा कम्प्लाइन म्यानेजर – क्यालिबर इन्भेष्टमेन्ट कं.प्रा.लि.<br>४. अध्यक्ष – क्यापिटल न्युज नेटवर्क प्रा.लि. ।<br>५. फाउण्डर मेम्बर – क्यापिलबर फुड र विभरेज कं.लि.<br>६. फाउण्डर मेम्बर– भिजन लुम्बुनि लि. ।<br>७. डाइरेक्टर– रोयल ह्याण्डस सेवा प्रा.लि. ।<br>८. फाउण्डर मेम्बर– शेयर लगानीकर्ता संघ नेपाल । |

*** लघुवित्त वित्तीय संस्थाको साधारण सभाबाट २ जना सर्वसाधारण संचालक नियुक्त हुन बाँकी रहेको ।**

**कार्यकारी प्रमुखको विवरण:**

| नाम | पद | ठेगाना | योग्यता | अनुभव |
|---|---|---|---|---|
| श्री रोशन कुमार मण्डर | प्रबन्ध संचालक | गा.वि.स. बकधुवा ६, सप्तरी (कृष्णा सब्रण गा.पा. वडा नं ५) | एम. ए. वि.एल. | १. २०५० साल देखि स्वतन्त्र अधिवक्ताको रुपमा सेवरत रहि सामाजिक सेवा क्षेत्रमा अभियानकर्ताको रुपमा कार्य गरिरहेको।<br>२. २०६९ देखि २०७४ सम्म सञ्चालक सदस्य रही प्रथम कार्यकाल पुरा गरेको । यस कार्यकालमा संस्थाको आ.ले.प. समिती संयोजकको रुपमा कार्य गरेको ।<br>३. २०७४ देखि दोश्रो कार्यकालको लागि महुली सामुदायिक लघुवित्त वित्तिय संस्था लि.को सञ्चालक पदमा वहाल रहेको।<br>४. २०७४ मंसिर १८ गते देखि प्रबन्ध संचालक पदमा वहाल रहेको । |

**ट) सञ्चालक समितिको बनौट :**

सञ्चालक समितिको संरचना, सञ्चालकहरुको योग्यता र प्रतिनिधित्व तथा सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम रहेको छ । (संचालक समितिमा एक जना महिला संचालक हुनेछ ।)

| | |
|---|---|
| (क) समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु | ४ जना |
| (ख) समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु | २ जना |
| नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञबाट मनोनित सञ्चालक | १ जना |
| **जम्मा** | **७ जना** |

यस कम्पनीको नियमावली को नियम २८ मा व्यवस्था भए अनुसार कम्पनीको सञ्चालक हुनको लागि कम्पनीको कम्तिमा १०० कित्ता साधारण शेयर लिएको हुनुपर्नेछ । तर स्वतन्त्र व्यावसायिक विशेषज्ञ सञ्चालक र सङ्गठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकहरुको हकमा यो व्यवस्था लागु हुने छैन ।

पाँचौ वार्षिक साधारण सभामा संचालक चयन हुँदाको समयमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट कम्तीमा १०० कित्ता शेयर रहेको कसैकोउपस्थिती नरहेकोले सय समुहबाट संचालक प्रतिनिधित्व हुन सकेको छैन ।

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि वित्तीय सस्थाले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति अर्थात हाल कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयर को दुई शेयर बराबर एक शेयर (२ : १) को अनुपातमा प्रति शेयर रु.१००/– का दरले हुन आउने एकमुष्ट रकम दरखास्त साथ पेश गर्नुपर्नेछ ।

यदि कुनै साविक शेयरधनीले आफ्नो कायम हक भन्दा बढी शेयर खरिद गर्नको लागि आवेदन दिएमा सो बढी माग गरेको शेयरलार्य बाँडफाँडमा समावेश गरिने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम शेयर खरिद गर्नको लागि आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरको हकमा दरखास्तमा माग गरिए बमोजिम नै हकप्रद शेयर बांडफांड गरिनेछ ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २० बमोजिम सम्बन्धित संगठित संस्थाले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी लिलाम बढाबढ प्रकृया अवलम्बन गरी बिक्री गरिने छ ।

**ढ) हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने व्यवस्था :**

कुनै पनि शेयरधनीहरुले आफ्नो कायम रहेको शेयर भन्दा बढी शेयरका लागि दरखास्त दिन पाउने छैन

यदि कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिँदा खण्डित शेयर (**Fraction Share**) मा शेयर संख्या पर्न आएमा माथिल्लो पुर्ण शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ ।

**ण) संगठित संस्थाको विगतको तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थः**

**वासलात**

**(रु. हजारमा)**

| पूँजी तथा दायित्व | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | ०७२/०७३ | ०७३/०७४ | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ | ०७७/०७८ |
| १. शेयर पूँजी | २१,५०० | ६०,००० | ७२,००० | १,२२,४०० | १,४७,९०० | २,०९,१०० |
| २. जगेडा तथा कोषहरु | ९५,०६२ | १,१०,००७ | १,४१,२६५ | १,५१,८३२ | १,८८,२१६ | २,३५,६८५ |
| ३. ऋणपत्र तथा बण्ड | – | – | – | – | – | – |
| ४. तिर्न बाँकी कर्जा सापट | ४०२,३२४ | ५,१७,२२८ | ७,३२,१७३ | १२,८८,१०४ | १९,९२६३५ | ३०,५७,०३५ |
| ५. निक्षेप दायित्व | ४८१,००४ | ५,९४,९६६ | ७,१५,७६६ | ९,०५,५९७ | ११,४७,३९६ | १४,५५,७५९ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | – | – | – | – | – | – |
| ७. प्रस्तावित नगद लाभांश | – | ४,००० | ६३२ | १०,२०० | १२,२४० | १७,८५० |
| ८. आयकर दायित्व (खुद) | ५,७०० | १७,८६७ | १८,१५७ | १७,८२१ | ३२,०८८ | ४१,५२३ |
| ९. अन्य दायित्व | ६२,७११ | ८१,००८ | ७४,२८१ | १,०४,०५२ | १,४८,५३७ | २,०७,४२७ |
| **कुल दायित्व** | **१,०६८,३०२** | **१३,८५,०७६** | **१७,५४,२७४** | **२६,००,००६** | **३६,६९,०१२** | **५२,२४,३७९** |

| सम्पत्ति | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | ०७२/०७३ | ०७३/०७४ | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ | ०७७/०७८ |
| १. नगद मौज्दात | १,५०० | १,२३२ | १,५५४ | ३९,८०९ | ६०,८७१ | ६,८०,०३७ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | – | – | – | – | – | – |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | १,१५,९४१ | १,०३,४२७ | १,५८,६५१ | १,६२,६६८ | २,२९,८१२ | २,८९,४४१ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | ५,५०० | ३८,८०४ | – | २०,९१४ | २९,५४७ | ३७,२१४ |
| ५. लगानी | – | – | १,००० | १,००० | १,००० | १,००० |
| ६. कर्जा सापट तथा बिल खरिद | ९,२१,५१७ | १२,१०,२९२ | १५,५०,०८८ | २३,२३,८३२ | ३२,८३,०२४ | ४१,३४,८७० |
| ७. स्थिर सम्पत्ति | ५,२६९ | ५,४२८ | १२,०७५ | १३,४२८ | १५,१८१ | १६,९३४ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | – | – | – | – | – | – |
| ९. अन्य सम्पत्ति | १८,५७४ | २५,८९३ | ३०,९०५ | ३८,३५४ | ४९,५७७ | ६४,८८३ |
| **कुल सम्पत्ति** | **१,०६८,३०२** | **१३,८५,०७६** | **१७,५४,२७४** | **२६,००,००६** | **३६,६९,०१२** | **५२,२४,३७९** |

## नाफा नोक्सान हिसाब

(रु. हजारमा)

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | ०७२/०७३ | ०७३/०७४ | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ | ०७७/०७८ |
| १. व्याज आम्दानी | १६९,३०६ | २,३२,६९७ | २,५२,४९९ | ३,५८,६१३ | ५,१९,८९४ | ६,८७,०८६ |
| २. व्याज खर्च | ५२,०१३ | ८२,२०९ | १,२०,३६९ | १,७१,९१६ | २,५७,४२८ | ३,७५,३५० |
| **खुद ब्याज आम्दानी** | **११७,२९३** | **१५०,४८८** | **१,३२,१२९** | **१,८६,६९७** | **२,६२,४६६** | **३,११,७३६** |
| ३. कमिशन तथा अन्य संचालन आम्दानी | १,७३७ | २,५२३ | ३१,५२८ | ३६,७४३ | ५१,७९४ | ६५,०६८ |
| ४. सटही घटबढ आम्दानी | - | - | - | - | - | - |
| **कुल संचालन आम्दानी** | **११९,०३०** | **१,५३,०११** | **१,६३,६५७** | **२,२३,४४०** | **३,१४,२६०** | **३,७६,८०४** |
| ६. कर्मचारी खर्च | ४७,४५४ | ५४,५८० | ७२,८९३ | १,०९,५०७ | १,३६,२३९ | १,५८,३३२ |
| ७. अन्य संचालन खर्च | १३,१०३ | १७,०६१ | १९,८०० | ३२,१३७ | ३९,६०१ | ४७,२९७ |
| ८. सटही घटबढ नोक्सान | - | - | - | - | - | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **५८,४७२** | **८१,३७०** | **७०,९६४** | **८१,७९६** | **१,३८,४२०** | **१,७१,१७५** |
| ९.सम्भावित नोक्सानी व्यवस्थाहरु | ३,६६३ | १८,४४३ | १३,०६३ | १५,७९१ | १९,५७५ | १७,३८५ |
| संचालन मुनाफा/(नोक्सान) | ५४,८०९ | ६२,९२७ | ५७,९०१ | ६६,००६ | १,१८,८४५ | १,५३,७९० |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | - | - | - | - | - | - |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | - | - | १,२४० | - | - | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **५४,८०९** | **६२,९२७** | **५९,१४०** | **६६,००६** | **१,१८,८४५** | **१,५३,७९०** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - | - | - | - | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **५४,८०९** | **६२,९२७** | **५९,१४०** | **६६,००६** | **१,१८,८४५** | **१,५३,७९०** |
| १३.कर्मचारी बोनस व्यवस्था | ५,४८१ | ६,२९३ | ५,९१४ | ६,६०१ | ११,८८४ | १५,३७९ |
| १४.आयकर ब्यबस्था | ५,५३५ | १७,९१५ | ३४,९९२ | १७,८२१ | ३२,०८८ | ४१,५२३ |
| **खुद मुनाफा/(नोक्सान)** | **४३,७९३** | **३८,७१९** | **१८,२३४** | **४१,५८३** | **७४,८७२** | **९६,८८८** |
| शेयर संख्या (हजारमा) | २१५.०० | ६००.०० | ७२०.०० | १,२२४ | १,४७९ | २,०९१ |
| प्रति शेयर आम्दानी (रु.) | २०३.६९ | ६४.५३ | २५.३३ | ३३.९७ | ५०.६२ | ४६.३४ |

**वित्तीय प्रक्षेपणका आधार तथा तरिका :**

| क्र.सं. | विवरण | आ.ब. ०७५/७६ | आ.ब. ०७६/७७ | आ.ब. ०७७/७८ |
|---|---|---|---|---|
| १. | कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | ४४.८०% | ४५.१५% | ४५.४८% |
| २. | कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | ४८.००% | ४८.२०% | ४३.९३% |
| ३. | कुल कर्जा तथा निक्षेप+पूँजिकोष अनुपात (प्रतिशतमा) | ४७.९१% | ४८.६८% | ४८.५१% |
| ४. | निक्षेपको औषत ब्याजदर (प्रतिशतमा) | ८.००% | ८.००% | ८.००% |
| ५. | कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा) | १७.८२% | १७.८२% | १७.८२% |
| ६. | आयकर ब्यवस्था (प्रतिशतमा) | ३०% | ३०% | ३०% |
| ७. | निस्क्रिय कर्जा सापट (प्रतिशतमा) | १.०१% | १.०१% | १.०१% |
| ८. | अनिवार्य मौज्दात (CRR) | ०.५% | ०.५% | ०.५% |
| ९. | बैधानिक तरलता अनुपात (SLR) | १७.०९% | १७.५१% | १८.५४% |
| पूँजीकोष (CAR) | | १२.६२% | १२.१५% | १२.३८% |

**माथि उल्लेखित वित्तीय प्रक्षेपणका आधारको औचित्य पुष्टि हुने विवरणहरु :**

**१. कर्जा तथा सापटः**

संस्थाको आ.ब. २०७३।७४ को आषाढ मसान्तबाट आ.ब. २०७४।७५ को आषाढ मसान्त सम्ममा कुल कर्जामा करिब ६०.९४ प्रतिशतको बृद्धि भएको तथा संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार २०७५।७६, २०७६।७७ र २०७७।७८ मा क्रमशः ४८.००, ४८.२० र ४३.९३ प्रतिशतले कुल कर्जा बृद्धि हुने प्रक्षेपण गरिएको छ ।

कर्जा तथा सापटमा प्राप्त हुने औसत ब्याज दर आ.ब. २०७४।७५, २०७५।७६ र २०७६।७७ को लागि क्रमशः १७.८२, १७.८२ र १७.८२ प्रतिशत हुने अनुमान गरिएको छ ।

कर्जा तथा सापटको, निक्षेप र प्राथमिक पूँजीको अनुपात (CCD Ratio) नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी कर्जा तथा सापट प्रक्षेपण गरिएको छ । जस अनूरुप आ.ब.२०७५।७६, २०७६।७७ र २०७७।७८ को लागि क्रमशः ४७.९१, ४८.६८ र ४८.५१ प्रतिशत हुने प्रक्षेपण गरिएको छ ।

कर्जा नोक्सानी व्यवस्था आ.ब. २०७५।७६, २०७६।७७ र २०७७।७८ को लागि कुल कर्जा तथा सापटको क्रमशः १.०१, १.०१ र १.०१ प्रतिशत कायम रहने अनुमान गरिएको छ ।

**२. निक्षेपः**

संस्थाको आ.ब. २०७२।७३ को आषाढ मसान्तबाट आ.ब. २०७३।७४ को आषाढ मसान्तसम्ममा जम्मा निक्षेपमा लगभग २३.६९ प्रतिशतको बृद्धि भएको तथा संस्थाको आ.ब.२०७४।७५ को आषाढ सम्ममा ६०.९४ प्रतिशतले बृद्धि भएको तर संस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार आ.व. २०७५।७६, २०७६।७७ र २०७७।७८ मा क्रमशः ४४.८०, ४५.१५ र ४४.४८ प्रतिशतले कुल निक्षेप बृद्धि हुने प्रक्षेपण गरिएको छ ।

निक्षेप दायित्वमा तिर्नुपर्ने औसत व्याजदर आ.ब. २०७५।७६, २०७६।७७ र २०७७।७८ को लागि क्रमशः ८, ८ र ८ प्रतिशत कायम रहने अनुमान गरिएको छ ।

**३. तरलताः**

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) आ.ब. २०७५।७६, २०७६।७७ र २०७७।७८ को लागि क्रमशः १७.०९, १७.५१ र १८.५४ कायम हुने गरी लगानी प्रक्षेपण गरिएको छ ।

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको अनिवार्य मौज्दात (Cash Reserve Requirement) आ.ब. २०७५।७६, २०७६।७७ र २०७७।७८ को लागि क्रमशः ०.५, ०.५ र ०.५ कायम हुने गरी लगानी प्रक्षेपण गरिएको छ ।

**४. संचालन नाफाको १० प्रतिशत रकम कर्मचारी बोनस व्यवस्थाको लागि छुट्याइएको छ ।**

**५. आउँदो वर्षहरुको लागि संस्थाले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागि व्यवस्था गरिएको छ ।**

**६. गत वर्षहरुको वास्तविक आंकडा तथा आउंदो वर्षको संचालन योजनाको आधारमा संस्थाको व्यवस्थापनद्वारा वित्तीय विवरण प्रक्षेपण गरिएको हो ।**

**७. पूँजी पर्याप्तता (Capital Adequacy) को मात्रा नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी प्रक्षेपण गरिएको छ । जस अनूरुप कुल पूँजी कोषको अनुपात आ.ब. २०७५।७६, २०७६।७७ र २०७७।७८ को लागि क्रमशः १२.६२, १२.१५, र १२.३८ प्रतिशत र प्राथमिक पूँजीको अनुपात आ.ब. २०७५।७६, २०७६।७७ र २०७७।७८ को लागि क्रमशः १०.४४, १०.०४ र १०.३३ प्रतिशत हुनेगरि प्रक्षेपण गरिएको छ ।**

**कम्पनीको वित्तीय व्यवस्था र सबै दायित्व सारी सकेपछि खुद बाँकी सम्पत्ति (नेटवर्थ)** **(रु. हजारमा)**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | ०७२/०७३ | ०७३/०७४ | ०७४/०७५ | ०७५/०७६ | ०७६/०७७ | ०७७/०७८ |
| चुक्ता पुंजी | २१,५०० | ६०,००० | ७२,००० | १,२२,४०० | १,४७,९०० | २,०९,१०० |
| जगेडा तथा कोषहरु | ९५,०६२ | १,१०,००७ | १,४१,२६४ | १,५१,८३२ | १,८८,२१६ | २,३५,६८५ |
| जम्मा | **१,१६,५६२** | **१,७०,००७** | **२,१३,२६४** | **२,७४,२३२** | **३,३६,११६** | **४,४४,७८५** |
| घटाउ : स्थगन खर्च | – | – | – | – | – | – |
| जम्मा नेटवर्थ | **१,१६,५६२** | **१,७०,००७** | **२,१३,२६४** | **२,७४,२३२** | **३,३६,११६** | **४,४४,७८५** |
| शेयर संख्या (हजारमा) | २१५.०० | ६००.०० | ७२०.०० | १,२२४.०० | १,४७९.०० | २,०९१.०० |
| प्रति शेयर नेटवर्थ (रु.) | ५४२.१५ | २८३.३५ | २९६.२० | २२४.१४ | २२७.३६ | २१२.७१ |
| नेटवर्थमा औषत प्रतिफल | ३७.५७% | २२.७७% | ८.५५% | १५.१६% | २२.२८% | २१.७८% |

निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्युनतम प्रतिफल : २१.५०%

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा निष्काशन कम्पनी आफैले तयार गरेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थ परक भएको व्यहोरा संजय चौधरी एण्ड एसोसियट्स, ज्वागल, ललितपुरका चार्टर्ड एकाउण्टेण्ट श्री संजय कुमार चौधरीले प्रमाणित गर्नु भएको छ ।

**त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वित्तीय विवरण :**
२०७४ साल आषाढ मसान्तको लेखापरिक्षण भएको वासलात निम्नानुसार रहेको छ ।

## वासलात (२०७५ आषाढ मसान्त)

| पूँजी तथा दायित्व | (रु. हजारमा) |
|---|---|
| १. शेयर पूँजी | ७२,००० |
| २. जगेडा तथा कोषहरु | १,४१,२६५ |
| ३. ऋणपत्र तथा बण्ड | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ७,३२,१७३ |
| ५. निक्षेप दायित्व | ७,१५,७६६ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | - |
| ७. प्रस्तावित नगद लाभांश | ६३२ |
| ८. आयकर दायित्व (खुद) | १८,१५७ |
| ९. अन्य दायित्व | ७४,२८१ |
| **कुल दायित्व** | **१७,५४,२७४** |
| **सम्पत्ति** | **(रु. हजारमा)** |
| १. नगद मौज्दात | १,५५४ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | १,५८,६५१ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - |
| ५. लगानी | १,००० |
| ६. कर्जा सापट तथा बिल खरिद | १५,५०,०८८ |
| ७. स्थिर सम्पत्ति | १२,०७५ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - |
| ९. अन्य सम्पत्ति | ३०,९०५ |
| **कुल सम्पत्ति** | **१७,५४,२७४** |

## नाफा नोक्सान हिसाब (२०७४ श्रावण १ गते देखि २०७५ अषाढ मसान्त सम्मको)

| विवरण | (रु. हजारमा) |
|---|---|
| १. व्याज आम्दानी | २,५२,४९९ |
| २. व्याज खर्च | १,२०,३६९ |
| खुद ब्याज आम्दानी | **१,३२,१२९** |
| ३. कमिशन तथा अन्य संचालन आम्दानी | ३१,५२८ |
| ४. सटही घटबढ आम्दानी | - |
| कुल संचालन आम्दानी | १,६३,६५७ |
| ५. कर्मचारी खर्च | **७२,८९३** |
| ६. अन्य संचालन खर्च | १९,८०० |
| ७. सटही घटबढ नोक्सान | - |
| सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा | ७०,९६४ |
| ८.सम्भावित नोक्सानी व्यवस्थाहरु | **१३,०६३** |
| संचालन मुनाफा/(नोक्सान) | ५७,९०१ |

| | |
|---|---|
| ९.गैर संचालन आम्दानी/(नोक्सान) | - |
| १०.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | १,२४० |
| नियमित कारोवारबाट भएको मुनाफा | ५९,१४० |
| ११.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - |
| सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा | ५९,१४० |
| १२.कर्मचारी बोनस व्यवस्था | **५,९१४** |
| १३.आयकर ब्यबस्था | ३४,९९२ |
| खुद मुनाफा/(नोक्सान) | १८,२३४ |

## नाफा नोक्सान बाँडफाँड हिसाब (२०७४ श्रावण १ गते देखि २०७५ अषाढ मसान्त सम्मको)

| विवरण | रु. (हजारमा) |
|---|---|
| **आम्दानी** | |
| **१. गत वर्षसम्मको संचित मुनाफा** | **७१,१७४** |
| २. यस वर्षको मुनाफा | १८,२३४ |
| **३. सटही घटबढ कोष** | |
| **जम्मा** | ८९,४०८ |
| खर्च | |
| १. गत वर्षसम्मको संचित नोक्सान | |
| २. यस वर्षको नोक्सान | |
| ३. साधारण जगेडा कोष | ३,६४७ |
| ४. भैपरी आउने जगेडा | |
| ५. संस्था विकास कोष | |
| ६. लाभांश समीकरण कोष | |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | |
| ८. प्रस्तावित लाभांश | ६३२ |
| ९. प्रस्तावित बोनस शेयर जारी | १२,००० |
| १०. विशेष जगेडा कोष | |
| ११. सटही घटबढ कोष | |
| १२. पूँजी फिर्ता जगेडा कोष | |
| १३. पूँजी समायोजन कोष | |
| १४. ग्राहक संरक्षण कोष ९ऋष्भिलत एचयतभअतष्यल ागलम० | ३४० |
| १५ संस्थागत सामाजिक उत्तरदायित्व कोष | १८२ |
| **जम्मा** | **१६,८०१** |
| **सञ्चित मुनाफा/(नोक्सान)** | **७२,६०७** |

## नगद प्रवाह विवरण (२०७४ श्रावण १ गते देखि २०७५ अषाढ मसान्त सम्मको)

| विवरण | रु. (हजारमा) |
|---|---|
| क) कारोबार सञ्चालनबाट नगद प्रवाह | ३०,६६६ |
| **१. नगद प्राप्ति** | **२,८४,०२७** |
| १.१ व्याज आम्दानी | २,५२,४९९ |
| १.२ कमिशन तथा डिष्काउन्ट आम्दानी | ३१,५२८ |
| १.३ विदेशी विनिमय कारोबारबाट आम्दानी | |
| १.४ अपलेखित कर्जाको असुली | |
| १.५ अन्य आम्दानी | - |
| २. नगद भुक्तानी | २,२८,६५३ |
| २.१ व्याज खर्च | १,२०,३६९ |
| २.२ कर्मचारी खर्च | ७२,८९३ |
| २.३ कार्यालय संचालन खर्च | १७,५२४ |
| २.४ आयकर भुक्तानी | १७,८६७ |
| २.५ अन्य खर्च | |
| **कार्यगत पूँजी गतिविधि अधिको नगद प्रवाह** | ५५,३७४ |
| सञ्चालन सम्बन्धि चालु सम्पतिमा कमी/(बृद्धि) | (३,५६,६७४) |
| १. माग तथा अल्प सुचनामा प्राप्त हुने रकममा कमी/(बृद्धि) | |
| २. अन्य अल्पकालीन लगानीमा कमी/(बृद्धि) | |
| ३. कर्जामा तथा बिल्स खरीदमा कमी/(बृद्धि) | (३,५१,६२०) |
| ४. अन्य सम्पत्तिमा कमी/(बृद्धि) | (५,०५४) |
| सञ्चालन सम्बन्धि चालु दायित्वमा (कमी)/बृद्धि | ३,३१,९६७ |
| १. निक्षेप दायित्वमा (कमी)/बृद्धि<br>३. अल्पकालीन सापटीमा (कमी)/बृद्धि<br>४. अन्य दायित्वमा (कमी)/बृद्धि | १,२०,८००<br>२,१४,९४५<br>**(३,७७८)** |
| **ख) लगानी कारोबारमा नगद प्रवाह** | **(९,९२४)** |
| १. दीर्घकालीन लगानीमा कमी/(बृद्धि)<br>२. स्थिर सम्पतिमा कमी/(बृद्धि)<br>३. दीर्घकालीन लगानीमा व्याज आम्दानी<br>४. लाभांश आम्दानी<br>५. अन्य गैर बैकङ्ग सम्पत्तिमाा कमी/(बृद्धि) | (१,०००)<br>(८,९२४)<br>-<br>-<br>- |
| **ग) वित्तिय श्रोत कारोबारबाट नगद प्रवाह** | (४,०००) |
| १. दीर्घकालीन ऋण (बण्ड, डिबेञ्चर आदि) मा बृद्धि/(कमी)<br>२. शेयर पूँजीमा बृद्धि/(कमी)<br>३. अन्य दायित्वमा बृद्धि/(कमी)<br>४. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनरकर्जामा बृद्धि/(कमी)<br>५. लाभांश भुक्तानी | -<br>-<br>-<br>-<br>(४,०००) |
| **घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च** | - |
| **ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | १६,७४२ |
| **च) नगद तथा बैंकमा रहेको शुरुको मौज्दात** | १,४३,४६३ |
| **छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | १,६०,२०५ |

**थ) कम्पनीले गर्ने भएको काममा नीहित संभावित आर्थिक जोखिमहरु :**

(१) नयां बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।

(२) कम्पनीले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।

(३) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।

(४) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

(५) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।

(६) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।

(७) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

(८) पूँजीकोषको अभावमा वार्षिक योजना अनुसार लगानी गर्न नसक्दा हुन सक्ने जोखिमहरु ।

लघुवित्त बैंकको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि लघुवित्त बैंकले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गरेको छ । लघुवित्त बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम तथा प्रतिबद्ध छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्वन्धी जोखिम**

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :**

निष्काशन गरिएको हकप्रद साधारण शेयर बिक्री बन्द भएको मितिले बढीमा तीस दिन भित्र जुन समूहको शेयरधनी हो सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बांडफांट गरी हकप्रद शेयर हितग्राही खाता उल्लेख गर्ने शेयरधनीहरुको हकमा खातामा जम्मा गरिनेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र नियमावली, पछिल्लो वर्षको लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखा परीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय बकधुवा-९, महेन्द्र राजमार्ग, महुली बजार तथा शेयर निष्काशन र बिक्री प्रबन्धक सन्राइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क राखि निरीक्षण गर्न पाईनेछ ।

**न) हकप्रद शेयर प्रत्याभूति गरेको/नगरेको : नगरेको ।**

**प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

निष्काशन गरिने हकप्रद साधारण शेयरहरु साविक शेयरधनीहरुलाई बाँडफाँड गरे पश्चात नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था अनुसार हकप्रद शेयर शेयरधनीहरुको डिम्याट खातामा जम्मा गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई हकप्रद शेयरको खरिद बिक्रीका व्यवस्था मिलाइने छ ।

**ब) हकप्रद साधारण शेयर खरिद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :**

(क) हकप्रद शेयरको लागि दरखास्त दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली कम्पनीले तोकिएको दरखास्त फाराम भरी दरखास्त दिनु पर्नेछ ।

(ख) यदि कायम शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर रहेमा एउटै आवेदन फाराम भरि दरखास्त दिन सक्नेछ ।

(ग) हकप्रद शेयर खरिद गर्नका लागि तत्काल कायम शेयरधनीहरुले मात्र शेयर खरिद गर्न दरखास्त दिन सकिनेछ ।

(घ) दरखास्त फाराममा आवेदकको पूरा नाम (नेपाली तथा अंग्रेजी दुवैमा) पूर्ण रुपले भर्नु पर्नेछ ।

(ङ) हकप्रद शेयरका लागि दरखास्त दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु. १००/- का दरले हुने एकमुष्ट रकम दरखास्त फारममा तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी दरखास्त दिनु पर्नेछ ।

(च) संयुक्त नाममा रहेका तत्काल कायम शेयरधनीहरुले दरखास्त दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

(छ) हकप्रद शेयर बाँडफाँड गर्दा जुन समुहको शेयरधनी हो सो शेयरधनीलाई सोही समुहको शेयरको अनुपातमा बाँडफाँड गरी वितरण गरिनेछ ।

(ज) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि दरखास्त पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिला नगर्ने तत्काल कायम शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

(झ) डिम्याट खाता भएका शेयरधनीले आफ्नो डिम्याट खाता नम्बर (१६ अङ्कको Beneficiary Owner ID नम्बर) र डिम्याट खाता रहेको बैंक/संस्थाको नाम स्पष्ट रुपमा हकप्रद शेयरको दरखास्त फाराममा उल्लेख गर्नु पर्नेछ । हकप्रद शेयर बाँडफाँड पश्चात बाँडफाँडमा परेको शेयर निवेदक शेयरधनीले उल्लेख गरेको डिम्याट खातामा जम्मा गरिदिईनेछ ।

(ञ) नगद लाभाँश वितरण गर्दा नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम शेयरधनीको खातामा नै लाभाँश रकम जम्मा गरिदिने प्रयोजनको लागि शेयरधनीले आफ्नो बैंक खाता नम्बर र खाता रहेको बैंक/वित्तीय संस्थाको नाम स्पष्ट रुपमा हकप्रद शेयरको दरखास्त फाराममा उल्लेख गर्नु पर्नेछ । भविष्यमा कम्पनीले नगद लाभाँश दिँदा शेयरधनीले उल्लेख गरेको बैंक/वित्तीय संस्थामा रहेको उल्लेखित खातामा जम्मा गर्ने व्यबस्था गरिनेछ ।

(ट) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा यस कम्पनीको सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

**भ) आफनो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

हकप्रद शेयरको लागि कम्पनीको प्रबन्धपत्र तथा नियमावलीहरुमा हक हस्तान्तरण सम्बन्धी व्यवस्था थप गरि संशोधन गरिएको छ । हाल कायम शेयरधनीले “धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३” को नियम १९ को १ बमोजिम हकप्रद शेयर खरिद गर्न नसकेमा वा आफ्नो हक लाग्ने शेयर अरुलाई विक्री वितरण वा हक हस्तान्तरण गरेको अवस्थामा निजको हक लाग्ने सम्मको हकप्रद शेयर खरिद गर्न पाउने छन् । उक्त हकप्रद शेयरको हक हस्तान्तरण गर्न संगठित संस्थाले देहाय अनुसारको व्यवस्था पूरा गरी शेयरधनीहरुले उक्त नियमावलीमा तोकिएको ढांचा बमोजिमको निवेदन सम्बन्धित संगठित संस्था समक्ष दिने व्यवस्था गर्नुपर्नेछ ।

(क) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था प्रबन्धपत्र, नियमावलीमा भएको,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था गरिएको,

(ग) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सीमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सीमा ननाघ्ने गरी मात्र मनोनीत हुनेले शेयरका लागि आवेदन गर्न सक्ने व्यवस्था गरिएको,

(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको शेयर स्वमित्वको संरचना र संचालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सीमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको,

(ङ) प्रचलित कानून अनुरुप मनोनीत हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको,

(च) प्रचलित कानुन बमोजिम मनोनीत हुने व्यक्ति वा संस्था अयोग्य नभएको,

(छ) मनोनीत दर्ता एक व्यक्तिलाई मात्र मनोनीत गर्नु पर्नेछ ।

साथै “धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३” को नियम १९ को ३ बमोजिम मनोनयनका लागि निवेदन दिंदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गरिएको हुनुपर्ने छ ।

**म) संगठित संस्थाको लेखा परिक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्रि प्रबन्धकको नाम ठेगाना :**

क) लघुवित्त वित्तीय संस्थाको आ.व ०७३/०७४ को आन्तरिक लेखापरिक्षकमा यसै संस्थामा आन्तरीक लेखा परिक्षण विभागमा कार्यरत प्रबन्धक श्री ललित प्रसाद चौधरी हुनुहुन्छ भने वाह्य लेखापरिक्षकमा नि.एएसआईबि एण्ड एसोसिएट्सका चार्टर्ड एकाउण्टेण्ट श्री अपिल सुबेदी रहेकोछ ।

ख) लघुवित्त वित्तीय संस्थाको कम्पनी सचिवमा कानूनमा स्नातक, शिक्षामा स्नातक र राजनिति शास्त्रमा स्नातकोत्तर गरेका शम्भुनाथ गा.वि.स.(हाल न.पा.) वडा नं. ३, सप्तरीका श्री चन्द्र नारायण चौधरी रहेको छ ।

ग) कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा निष्काशक कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि प्रमाणित गर्ने बिशेषज्ञमा संजय चौधरी एण्ड एसोसियट्स, ज्वागल, ललितपूरका चार्टर्ड एकाउण्टेण्ट श्री संजय कुमार चौधरीले प्रमाणित गर्नु भएको छ ।

घ) हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु व्यवसायिक संस्था सन्राइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि निष्काशन तथा बिक्रि प्रबन्धकमा श्री सन्राइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौंलाई नियुक्त गरिएको छ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

नेपाल राष्ट्र बैंकले मिति २०७४ भदौ महिनामा जारी गरेको परिपत्र बमोजिम बैंक तथा वित्तीय संस्थाहरुको पूँजीगत आधार सुदृढ गरी दीर्घकालिन लघुवित्त कार्यक्रमका लागि आबश्यक पर्ने श्रोत परिचालन गर्न तथा वित्तीय स्थायित्व प्रवर्द्धन गर्न समानुपातिक रुपमा पूँजी बृद्धि गर्दै लैजाने उद्देश्यले संस्थाको मिति २०७४/०८/०९ गतेको पाँचौं साधारण सभाबाट विद्यमान दुई शेयर बराबर एक शेयर (२:१) को अनुपातमा हकप्रद शेयर निष्काशन गरी वित्तीय संस्थाको चुक्ता पूँजी रु. ९,००,००,०००/– (९,००,००० कित्ता) कायम गर्ने निर्णय भएको र सोही बमोजिम नेपाल राष्ट्र बैंकको स्वीकृति समेत लिई वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा व्यवस्था गरिएको र सो अनुसार संस्थाको पूँजी वृद्धि गर्न तत्काल कायम शेयरधनीहरुलाई हकप्रद शेयर जारी गरिएको ।

**हकप्रद शेयरबाट प्राप्त हुने पूँजी रकम रु. ३,००,००,०००/–(३,००,००० किता) निम्न बमोजिम उपयोग गरिने छः**

| विवरण | रकम रु. |
|---|---|
| कर्जा तथा लगानी प्रवाह | ३,००,००,०००।- |
| **जम्मा** | **३,००,००,०००।-** |

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

यस हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि दरखास्त दिने म्याद हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्ला भएको मितिले कम्तिमा ३५ दिन हुनेछ । ३५ दिनभित्र सम्पूर्ण हकप्रद शेयर बिक्री नभएमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १८ बमोजिम संगठित संस्थाले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि निष्काशन खुल्ला गरिनेछ ।

**ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु प्राप्त वा हेर्न सकिने स्थानहरु :**

१. सन्राइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौं ।

२. महुली सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड, केन्द्रिय कार्यालय तथा सम्पूर्ण शाखा कार्यालयहरु

**३. सन्राइज बैंक लिमिटेडका शाखा कार्यालयहरुः**

बिराटनगर, पोखरा, बिरगंज, बुटवल, धरान, नारायणगढ, नेपालगंज, दमक, राजबिराज, लाहान ।

४. आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु ।

५. हकप्रद शेयर खरिदका लागि भर्नुपर्ने दरखास्त फाराम तथा शेयरधनीहरुले आफ्नो हकसम्बन्धी विवरण निष्काशन कम्पनी महुली सामुदायिक लघुवित्त वित्तीय संस्था लि.को वेभवसाइटः www.mslbsl.com.np र निष्काशन तथा बिक्री प्रबन्धक सन्राइज क्यापिटल लिमिटेडको वेभसाइटः www.sunrisecapital.com.np बाट पनि Download गर्न सकिनेछ ।

उपरोक्त स्थानहरु बाहेक अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले शेयर निष्काशन बन्द हुनु भन्दा अघिको मितिमा सन्राइज क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त सिधै हूलाक वा कुरियरद्वारा सन्राइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौंमा पठाउन सकिनेछ । शेयर बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

**निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी विवरण :**

यस हकप्रद शेयर निष्काशनको लागि सन्राइज बैंक लिमिटेड, कमलपोखरी काठमाण्डौलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ ।

**व) संगठित संस्थाले आफ्नो व्यवसायसंग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषणः**

कम्पनीले आफूले गर्ने व्यवसायसंग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन २०७३, तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायरा भित्र रहि आफ्नो कारोवार गर्दै आइरहेको छ। साथै यस कम्पनीको सञ्चालक तथा संस्थापकहरु कालो सूचीमा नरहेको तथा सञ्चालक तथा संस्थापकहरु अयोग्य नरहेको उद्घोषण गर्दछ। हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो। यस कम्पनीले कम्पनी ऐन बमोजीम कम्पनी रजिष्ट्रार कार्यालयमा हालसम्म बुझाउनुपर्ने सम्पूर्ण विवरण बुझाएकोले आ.व. २०७३/०७४ सम्म कम्पनी अद्यावधिक रहेको छ।

**क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण :**

नेपाल धितोपत्र बोर्डबाट क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्ने अनुमतिपत्र प्राप्त केयर रेटिङ्ग नेपाल (CARE RATINGS NEPAL) ले यस कम्पनीबाट जारी गर्न लागेका सार्वजनिक निष्काशनलाई मिति Feb 28, 2018 मा औषत आधारहरु (fundamentals) जनाउने **"CARE-NP IPO Grade4"** प्रदान गरेको छ ग्रेड २,३ र ४ मा प्रयोग गरिने + (plus) चिन्हले त्यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँदछ।

**श) संगठित संस्थाको पछिल्लो तीन वर्षको वार्षिक तथा तीन महिनाको मासिक कारोवारको अधिकत्तम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

वित्तीय संस्थाको वार्षिक शेयर कारोवारको विवरण :

| आर्थिक बर्ष | अधिकतम शेयर मुल्य (रु) | न्युनतम शेयर मुल्य (रु) | अन्तिम बजार मुल्य (रु) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| ०७२/७३ | साधारण शेयर निष्काशन भई नसकेको | | | |
| ०७३/७४ | २,७९३ | ६४८ | १,२९१ | ४८.३१ |
| ०७४/७५ | ३३४१ | १३९८ | २६१० | ७४.०४ |
| **लघुवित्र वित्तीय संस्थाको विगत तीन महिनाको शेयर कारोवारको विवरण :** | | | | |
| **महिना** | **अधिकतम शेयर मुल्य (रु)** | **न्युनतम शेयर मुल्य (रु)** | **अन्तिम बजार मुल्य (रु)** | **शेयर कारोबार संख्या (हजारमा)** |
| २०७५ श्रावण | २,६५० | २,२५५ | २,४०९ | १०.८८ |
| २०७५ भाद्र | २,५३९ | २,३१५ | २,४७० | ५.१४ |
| २०७५ आश्विन | २,४९७ | २,२७० | २,४२० | ४.३४ |

नोटः लघुवित्त बित्तीय संस्थाको अद्यावधिक बजार मुल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूची मार्फत प्राप्त गर्न सकिनेछ।

**ष) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत ।**

| सि.नं | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री प्रभु नारायण चौधरी | अध्यक्ष | |
| २. | श्री भानुभक्त निरौला | संचालक | |
| ३. | श्री रोशन कुमार मण्डर | संचालक | |
| ४. | श्री श्रीप्रसाद  चौधरी | संचालक | |
| ५. | श्री केशव प्रसाद भण्डारी | स्वतन्त्र संचालक | |

**स. निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै"हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भर्य हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यु डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।